चौकुने गाँउपालिका

# स्थानीय राजपत्र

खण्डः ७ भागः २ सङ्ख्याः १४ चौकुने,सुर्खेत मितिः२०८०-११-०९

भाग-२

चौकुने गाउँपालिका

# पशु स्वास्थ्य शिविर संचालन

# कार्यविधि २०८०

चौकुने गाउँकार्यपालिकाको मिति २०८०/११/०९ को निर्णय बाट
स्विकृत

# पशु स्वास्थ्य शिविर संचालन कार्यविधि २०८०

## पृष्ठभुमि ;

पशु स्वास्थ्य सेवा सार्वजनीक सम्पतीको रुपमा हेरीदै आएको वर्तमान परिप्रेक्षमा नेपालमा हाल पशु सेवा विभाग अन्तरगत केन्द्रीय पशु चिकित्सालय ,प्रशु रोग अनबेषण प्रयोगशाला ,भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र तथा नगरपालिका/गाउँपालिका अन्तरगतका पशु सेवा शाखा मार्फत पशु स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको छ।

देशको भौगोलीक अवस्था अनुसार पशु स्वास्थ्य सेवा समान रुपमा प्रदान गर्न नसकिएको र व्यवसायीक पशुपालनको बृद्धि सँगै पशु स्वास्थ्य सेवा तर्फ प्राविधिक सेवाको माग बढदै गएको बर्तमान सन्दर्भमा कतिपय स्थानीय तहहरुमा यथेष्ठ संख्यामा प्राविधिकहरुको उपलब्धता सहज नभएको यथार्थलाई दृष्टीगत गरि यस कार्यक्रम मार्फत पशुपालनको पकेट क्षेत्रमै सवै क्षेत्रका प्राविधिकहरुको उपस्थितिमा पशु स्वास्थ्य शिविर संचालन गर्ने अभिप्रायले नेपाल सरकार अन्तरगत स्थानीय सरकारको निति तथा कार्यक्रम सहज ,सरल, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न स्थानीय सरकारको पशुपन्छी नश्ल सुधार कार्यक्रमलाई व्यबस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा (ण) १ बमोजिम पशु स्वास्थ्य शिविर संचालन कार्यविधि—२०८० चौकुने गाउँपालिका, पशु सेवा शाखा बाट जारी गरिएको छ ।

# परिच्छेद १

## प्रारम्भिक

### १, संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम पशु स्वास्थ्य शिविर संचालन कार्यविधि ,२०८० रहेको छ ।
ख) यो कार्यविधि स्विकृत भएको मितिबाट लागु हुनेछ ।

२, परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिः

क) "गाउँपालिका" भन्नाले चौकुने गाउँपालिका सम्झनु पर्नेछ ।

ख) "शाखा" भन्नाले चौकुने गाउँपालिका पशुपंन्छी विकास शाखा सम्झनु पर्नेछ ।

ग) "केन्द्र वा ईकाइ" भन्नाले वडा स्तरमा संचालीत पशु सेवा केन्द्र वा ईकाइ सम्झनु पर्नेछ ।

घ) "कार्यविधि" भन्नाले पशु स्वास्थ्य शिविर संचालन कार्यविधि २०८० सम्झनु पर्नेछ ।

३, उद्धेश्यः यो कार्यविधिको उद्धेश्य देहाय बमोजिम हुनेछ ।

क) नेपाल सरकार र स्थानीय सरकारको निति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ख) व्यवसायीक पशुपालनको पकेट क्षेत्रमै कृषक उद्यमीहरुलाई आवश्यक पर्ने सम्पुर्ण पशु स्वास्थ्य सेवा(उपचार,खोप सेवा, गाइनाकोलोजिकल सेवा, रोग निदान, सर्जिकल सेवा आदी) पशु स्वास्थ्य शिविरको माध्यमबाट उपलब्ध गराउने ।

ग) पशु सेवा शाखा वा केन्द्र ईकाइको पहुँचबाट टाढा रहेको कुनै पनि सम्भाव्य स्थानीय कृषक उद्यमिहरुलाई पशु स्वास्थ्य सेवा उपलब्ध गराउन प्राथमिकता दिने ।

घ) पशुपन्छीहरुको रोग निदान ,उपचार र नियन्त्रणमा सहयोग पुर्याउने ।

ङ) पशु स्वास्थ्य तथा भेटेरीनरी जनस्वास्थ्य सम्बन्धमा जनचेतना अभिबृद्धि गर्ने ।

# परिच्छेद २

४ कार्यक्रम संचालन प्रक्रियाः

४.१ पशु स्वास्थ्य शिविर संचालन गर्नु पुर्व चौकुने गाउँपालिका पशु सेवा शाखाले सम्बन्धीत वडाका जनप्रतिनिधि संग समन्वय गरि तहाँको आवश्यकता अनुसार शिविर संचालन गर्न स्थान छनौट गर्नेछ ।

४.२ वडा कार्यालयको आवश्यकता अनुसार (त्यस क्षेत्रका समुह,समितिको माग एव सेवाको पहुँच तथा अपरिहार्यता )शिविर संचालनको लागी स्थान तोकि पशु सेवा शाखालाई जानकारी गराउनेछ ।

४.३ वडा संगको समन्वयमा शाखा कार्यालयले शिविर संचालन गर्ने मिति तोक्नेछ र सोको जानकारी समन्वयात्मक कार्यालयहरुलाई जानकारी गराउनेछ ।

४.४ शाखा कार्यालयले शिविर संचालन मिति तथा स्थान सम्बन्धीत सेवा केन्द्र र आवश्यकता अनुसार त्यस स्थानका समुह तथा सहकारीलाई जानकारी गराउनेछ ।

४.५ शाखा कार्यालयले कार्यक्रम संचालन हुन १ हप्ता अगावै स्थानीय संचार माध्यम ,रेडियो,पोष्टर,पम्पलेट आदिको माध्यम बाट प्रचार प्रसार गर्नेछ ।

४.६ शाखाले अनुभवि पशु प्राविधिक वा बिज्ञ टोली सहित शिविरका लागी आवश्यक पर्ने औषधि,भ्याक्सीन तथा अन्य सामाग्रिहरुको व्यवस्थापन गर्नेछ ।

४.७ विज्ञ टोलिमा शिविर संचालन हुने क्षेत्रको आवश्यकता अनुसार पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, भेटेरीनरी अस्पताल तथा निजि क्षेत्रमा कार्यरत पशु चिकित्सक एवम प्राविधिकहरु हुनेछन ।

४.८ एउटा शिविरमा साना र ठुला गरि कम्तीमा १०० पशुपन्छीलाई आवश्यक पशु स्वास्थ्य सेवा उपलब्ध गराउनु
पर्नेछ ।

## परिच्छेद ३

५ आर्थिक कार्यविधिः

५.१ शिविर संचालनको लागी आवश्यक सम्पुर्ण कृयाकलापहरु ५० हजार रुपैया सम्ममा सम्पन्न गर्नुपर्नेछ ।जसअनुरुप तपसिल बमोजिमका रहनेछन ।

| क्र.सं. | कृयाकलापहरु | लागत (रु,) |
|---|---|---|
| १ | पशु स्वास्थ्य शिविर सम्बन्धी प्रचारप्रसार<br>क) मिडिया (छाँया,श्रव्य,श्रव्यदृष्य)<br>ख) तुल व्यानर | ५,०००। |
| २ | औषधि , खोप तथा अन्य सामाग्रि व्यवस्थापन | ४०,०००। |
| ३ | चियापान खांजा खर्च(औपचारीक कार्यक्रम समेत ) | ५,०००। |

५.२ पशु स्वास्थ्य शिविरका लागी प्रदेश स्तरका कार्यालय बाट खटिने कर्मचारीले आवश्यकता अनुसार दैनिक तथा भ्रमण भत्ताको व्यवस्थापन सम्बन्धीत कार्यालय बाट प्रचलित आर्थिक नियमानुसार व्यवस्थापन गर्नेछ ।

५.३ पशु स्वास्थ्य शिविरका लागी शाखा कार्यालय बाट जाने कर्मचारीको दैनिक भ्रमण भत्ताको व्यवस्थापन प्रचलित आर्थिक नियमानुसार चौकुने गाउँपालिका पशु सेवा शाखाले गर्नुपर्नेछ ।

# परिच्छेद ४

## ६, आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा, लेखाकंन,लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक् कार्यविधि ऐन २०५५ ,आर्थिक कार्यविधि नियमावली २०६४ सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरिनेछ ।

## ७, अनुगमन ,मुल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः

यस कार्यक्रमको अनुगमन सम्बन्धीत वडा कार्यालय प्रतिनिधिले गर्नेछन र सोको प्रतिबेदन र प्रगति सम्बन्धित पशु सेवा शाखालाई पठाउनु पर्नेछ । मासिक ,चौमासीक तथा बार्षिक प्रगति लगायतका उपलब्धिहरु शखा मार्फत चौकुने गाउँपालिकामा पठाउनु पर्नेछ ।

## ८, थपघट वा हेरफेर गर्न सक्ने:

१ यो कार्यविधि कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन चौकुने गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट ,हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी गाउँपालिकाले आवश्यकता अनुसार व्याख्य गर्न सक्नेछ ।

आज्ञाले

सुमन आचार्य

प्रमुख प्रशासकीय अधिकृत